# गैर नाफामूलक सामुदायिक अस्पताललाई पुँजीगत सुधार/विस्तार अनुदान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

आन्तरिक मामिला

न्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# <u>गैर नाफामूलक सामुदायिक अस्पताललाई पुँजीगत सुधार/विस्तार अनुदान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८</u>

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०७८।११।३०

**<u>प्रस्तावनाः</u>** गैर नाफामूलक सामुदायिक अस्पताललाई सेवा प्रवाह गर्न अत्यावश्यक चिकित्सकीय औजार, उपकरण वा भौतिक पूर्वाधार निर्माणको लागि सहयोग पुऱ्याई त्यस्ता अस्पतालसँगको सहकार्य र समन्वयमा अभिवृद्धि गर्न तथा प्रदेशका नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा पाउने सुविधा, पँहुच तथा अधिकारमा विस्तार, सहजता र सुनिश्चितता गर्न पुँजीगत अनुदानका कार्यक्रम कार्यान्वयनलाई सहजीकरण र व्यवस्थित गर्न वाञ्छनीय भएकोले, विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गोरखा

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "गैर नाफामूलक सामुदायिक अस्पताललाई पुँजीगत सुधार/विस्तार अनुदान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम अत्यावश्यक चिकित्सकीय औजार, उपकरण खरिद वा भौतिक

पूर्वाधार निर्माण गर्नको लागि गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्थालाई प्रदान गरिने सेवा विस्तार अनुदान सम्झनु पर्छ।

(ख) "अस्पताल" भन्नाले प्रचलित कानून बमोजिम प्रदेशभित्र स्थापित गैर नाफामूलक वा सामुदायिक अस्पताल सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(च) "सामाजिक परीक्षण" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सम्पन्न भएपछि कार्यान्वयन गर्ने स्वास्थ्य संस्थाले मन्त्रालय वा मातहतका कार्यालयको प्रतिनिधि, स्वास्थ्य संस्थाका पदाधिकारी, स्थानीय तहका प्रतिनिधि, स्थानीय सञ्चारकर्मी तथा कार्यक्रमबाट प्रत्यक्षरुपमा प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमबाट प्राप्त हुने लाभको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित व्यक्तिहरुको राय प्रतिक्रिया लिई कार्यक्रममा तोकिएको प्रक्रिया, गुणस्तर, परिमाण, प्रतिफल र अपेक्षित नतिजा अनुसार भए, नभएको सम्बन्धमा कार्यक्रमका प्रत्यक्ष लाभकर्तालाई सुनिश्चितता गराउने कार्यलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद - २

## <u>अनुदान प्राप्त गर्ने मूल आधार र स्वास्थ्य संस्थाको छनोट प्रक्रिया</u>

३. **<u>अनुदान प्रदान गर्ने मूल आधारः</u>** (१) समितिले अनुदान रकम प्रदान गर्न देहायको आधारमा सिफारिस गर्नेछः-

(क) अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालनका लागि अनुदान पाउनु पर्ने आवश्यकता र औचित्य,

(ख) गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालनमा रकम माग गर्ने स्वास्थ्य संस्थाको भूमिका,

(ग) अघिल्ला वर्षहरुमा त्यस्ता अस्पतालहरुलाई प्रदान गरिएको अनुदान रकमको प्रगति,

(घ) चालु वर्ष अनुदान रकम प्राप्त गर्नका लागि अस्पतालले पेश गरेको कार्यक्रम प्रस्ताव,

(ङ) अनुदान रकम सम्बन्धित काममा सदुपयोग हुने स्पष्ट कार्य योजना,

(च) कार्यक्रमको दिगोपना,

(छ) कार्यक्रमबाट लाभान्वित समूह/जनसंख्या

(ज) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत,

(झ) मितव्ययिता र पारदर्शिता,

(ञ) अस्पतालले अनुसूची-१ बमोजिम पेश गरेको वार्षिक कार्यक्रम विवरण।

(२) समितिले एकै पटक वा पटक पटक गरी अनुदान रकम प्रदान गर्न सिफारिस गरेको आधारमा मन्त्रालयले अनुदान परिचालन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४. **सूचना प्रकाशन गर्नु पर्ने:** (१) मन्त्रालयले गैर नाफामूलक सामुदायिक अस्पताललाई सेवा विस्तार अनुदान दिनका लागि सार्वजनिक सूचना प्रकाशन गरी त्यस्ता अस्पतालबाट प्रस्ताव माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना मन्त्रालयको सूचनापाटी, वेबसाइट तथा कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

५. **अनुदान मागको प्रस्ताव:** (१) अस्पतालले दफा ४ को उपदफा (२) बमोजिमको सूचनाको अवधिभित्र मन्त्रालयमा प्रस्ताव पेश गर्नेछ।

(२) अनुदान माग गर्ने अस्पतालले अनुसूची-१ बमोजिमको राष्ट्रिय योजना आयोग (केअमू) फाराम नं. १ वार्षिक कार्यक्रम विवरण फाराम र अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव भरी आवश्यक पर्ने कागजात संलग्न राखी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अस्पतालले पेश गरेको वार्षिक कार्यक्रम विवरण र प्रस्ताव मन्त्रालयले समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) दफा ६ को उपदफा (११) बमोजिम सिफारिस भएको अनुदान रकम र उपदफा (२) बमोजिम अस्पतालले पेश गरेको वार्षिक कार्यक्रम विवरण फाराममा प्रस्तावित रकम फरक परेमा सो प्रस्तावित कार्यक्रम र रकम परिमार्जन गरी पेश गर्न मन्त्रालयले अस्पताललाई जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भए बमोजिम अस्पतालले उपदफा (२) बमोजिम पेश भएको वार्षिक कार्यक्रम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विवरण फाराम परिमार्जन गर्नु पर्ने भए सो परिमार्जन गरी परिमार्जित वार्षिक कार्यक्रम विवरण र कार्य योजना फाराम भरी जानकारी पाएको सात दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयमा प्राप्त भएका अस्पतालको परिमार्जित वार्षिक कार्यक्रम विवरणलाई स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको वार्षिक कार्यक्रम विवरण स्वीकृत भएपछि कार्यान्वयनको लागि मन्त्रालयले अस्पताललाई स्वीकृत भएको सात दिनभित्र पठाई सक्नु पर्नेछ।

६. **<u>कार्यक्रम विवरण प्रस्ताव मूल्याङ्कनको आधार तथा मापदण्डः</u>** (१) दफा ५ बमोजिम प्रस्ताव पेश गर्ने अस्पतालले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्ड पूरा गरेका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) अस्पतालले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई चालु आर्थिक वर्षको लागि नवीकरण गरी स्वास्थ्य सेवा प्रदान गर्ने कानूनी हैसियत प्राप्त भएको हुनु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम गत आर्थिक वर्ष भन्दा अघिल्लो वर्षसम्मको कर चुक्ता र लेखा परीक्षण भएको हुनु पर्नेछ ।

(ग) औजार उपकरण वा भौतिक संरचना निर्माण के का लागि अनुदान लिन चाहेको हो सो को मान्यताप्राप्त प्राविधिकबाट स्पेशिफिकेसन, ड्रइङ्ग डिजाइन तयार गरी सो बमोजिम तयार गरिएको लागत सहित प्रस्ताव पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) प्रस्तावमा पेश गरिएको अनुदान रकमको कम्तीमा २० प्रतिशत लागत सहभागिता सम्बन्धित अस्पतालले व्यहोर्ने प्रतिवद्धता भएको हुनु पर्नेछ।

(ङ) प्रस्ताव पेश गर्दा अनुदानग्राही संस्थाले सोही प्रकृतिको कार्यक्रम नेपाल सरकार र प्रदेश सरकारका विभिन्न अनुदान तथा स्थानीय तहको कार्यक्रममा दोहोरो नपरेका कार्यक्रम पेश गर्नु पर्नेछ।

(च) प्रस्ताव पेश गर्दा पुँजीगत प्रकृतिको कार्यहरु मात्र समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम विवरण प्रस्तावलाई समितिले अनुसूची-३ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नेछ र यसरी अङ्क गणना गर्दा पेश भएका कागजातहरू स्पष्ट नभएमा स्पष्ट खुल्ने कागजातहरू मगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका आधारहरु बमोजिमको अङ्क प्राप्त गर्नका लागि अस्पतालले विस्तृत वार्षिक कार्यक्रम विवरण प्रस्ताव र सो कार्यक्रम विवरण प्रस्तावको व्यहोरालाई पुष्टी गर्ने प्रमाणहरुको प्रति पेश गर्नु पर्नेछ। कार्यक्रम विवरण प्रस्तावको व्यहोरालाई पुष्टी गर्ने प्रमाण पेश नभएकोमा समितिले कुनै अङ्क प्रदान गर्ने छैन।

(४) समितिले प्राप्त वार्षिक कार्यक्रम विवरण प्रस्तावको विस्तृत स्वयं अध्ययन गरी वा अस्पताललाई प्रस्तुतीकरण गर्न लगाई वार्षिक कार्यक्रम विवरण र प्रस्तावमा विषयगत र वस्तुगत वा स्थलगत अध्ययन गरी मूल्याङ्कन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (३) बमोजिम वार्षिक कार्यक्रम विवरण र प्रस्ताव बमोजिम समितिले मूल्याङ्कन गरी अङ्क प्रदान गर्नेछ।

(६) वार्षिक कार्यक्रम विवरण प्रस्ताव मूल्याङ्कन गर्दा ५० प्रतिशत वा सो भन्दा कम र ७५ प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने अस्पताललाई समितिले अनुदान प्रदान गर्न छनोट र सिफारिस गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको ५०.०१ प्रतिशत देखि ७४.९९ प्रतिशत अङ्क प्राप्त गर्ने अस्पतालको लिष्ट तयार गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम छनोट भएका अस्पताललाई प्राथमिकता निर्धारणको आधारमा अनुदान प्रदान गर्न समितिले सिफारिस गर्न सक्नेछ ।

(९) उपदफा (६) बमोजिमको अङ्कको सीमाङ्कनको परिधिभित्र रही उपदफा (७) बमोजिमका लिष्टका अस्पतालको प्राथमिकता निर्धारण गर्दा सबभन्दा घटी अङ्क प्राप्त गर्ने अस्पताललाई क्रमशः पहिलो प्राथमिकतामा र सबभन्दा बढी अङ्क प्राप्त गर्ने अस्पताललाई अन्तिम प्राथमिकतामा राखी समितिले प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(१०) अनुदान कार्यक्रम मूल्याङ्कन तथा सिफारिस गर्दा पहिलो प्राथमिकतामा रहेको अस्पतालको कार्यक्रम विवरण प्रस्तावबाट छनोट तथा सिफारिस गर्न शुरु गर्नु पर्नेछ।

(११) उपदफा (९) बमोजिम प्राथमिकतामा परेका अस्पतालले पेश गरेको वार्षिक कार्यक्रम विवरण प्रस्तावमा उल्लेख भए बमोजिम समितिले उपयुक्त ठहर्याएको कार्यक्रमका लागि अनुदान प्रदान गर्न समितिले प्रस्ताव छनोटको लागि सिफारिस गर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१२) उपदफा (११) बमोजिम समितिले छनोटको लागि सिफारिस गरेको प्रस्ताव बापत प्रदान गरिने अधिकतम रकम सीमा जम्मा रु. ५०,००,०००/- (अक्षरेपी पचास लाख) हुनेछ।

(१३) उपदफा (९) बमोजिम प्राथमिकतामा परेका सबै अस्पतालहरु मन्त्रालयको स्वीकृत बजेटको परिधि र प्राथमिकता अनुसार समितिले अनुदान सिफारिस गर्दा सबै अस्पतालले अनुदान प्राप्त नगर्न पनि सक्नेछन।

(१४) गैर नाफामूलक अस्पतालले नाफामूलक संस्था होइन भनी सम्बन्धित निकायको पत्र पेश गर्नु पर्नेछ र सो पत्र पेश नगर्ने गैर नाफामूलक अस्पतालको प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

(१५) नाफामूलक अस्पतालले गैर नाफा मूलक अस्पताल हो भनी झुठा विवरण पेश गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

७. **<u>प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिः</u>** (१) समितिले दफा ६ बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी अनुदानको लागि योग्य अस्पताल छनोट तथा सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनोट तथा सिफारिस समिति रहनेछः-

(क) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख/अधिकृत प्रतिनिधि, अस्पताल विकास तथा चिकित्सा महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री
तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(च) लेखा अधिकृत, मन्त्रालय -सदस्य

(छ) अधिकृत, योजना, अनुगमन तथा
जनस्वास्थ्य महाशाखा,मन्त्रालय -सदस्य-सचिव

(२) दफा ४ बमोजिमको म्यादभित्र दर्ता हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा समितिले अनुसूची-३ बमोजिमको मूल्याङ्कनका आधारहरुमा गर्नु पर्नेछ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई प्रस्तावहरुको मूल्याङ्कन तथा सिफारिस समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **<u>विवरण रुजु गरी माग गर्न सकिने:</u>** समितिले प्रस्ताव छनोट गर्नु अघि मन्त्रालयले प्रस्ताव पेश गर्ने अस्पतालको विवरण स्थलगत रुजु गर्न सक्नेछ र कुनै विवरण छुट भएमा निश्चित मिति तोकी त्यस्तो विवरण पेश गर्ने अवसर प्रदान गर्न सक्नेछ।

९. **<u>अनुदान प्रदान गर्दा सम्झौता गर्नुपर्ने:</u>** (१) दफा ५ को उपदफा (८) बमोजिमको वार्षिक कार्यक्रम विवरण फाराममा उल्लेखित कार्यक्रम सञ्चालन गर्नका लागि अनुदान प्राप्त गर्न अस्पतालले मन्त्रालयसँग सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालय र अस्पताल बीच हुने सम्झौताको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ ।

१०. **<u>अनुदान प्रदान गर्नेः</u>** (१) छनोट तथा सिफारिस भएका सामुदायिक तथा गैर नाफामूलक अस्पतालहरुलाई अनुदान रकम मन्त्रालयमा प्राप्त प्रगतिका आधारमा दिइनेछ ।

(२) अनुदान रकमबाट खरिद हुने औजार उपकरणको स्पेशिफिकेसन, लागत अनुमान मान्यता प्राप्त प्राविधिकबाट गराउनु पर्नेछ।

(३) अनुदान रकमबाट निर्माण हुने भौतिक संरचनाको लागत अनुमान, स्पेशिफिकेसन, ड्रइङ्ग डिजाइन प्रचलित कानून बमोजिम मान्यता प्राप्त प्राविधिकबाट गराउनु पर्नेछ।

(४) भौतिक संरचना निर्माण गर्दा प्रचलित राष्ट्रिय भवन संहिता, भवन निर्माण सम्बन्धी मापदण्ड र सेवा सञ्चालन अनुमति दिने निकायको सेवा सम्बन्धी पूर्वाधार मापदण्ड समेत पालना गर्नु पर्नेछ।

(५) अस्पतालले मन्त्रालयबाट स्वीकृत अनुसूची-५ बमोजिमको कार्ययोजनाको ढाँचा अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

११. **<u>अनुदान निकासा र भुक्तानी प्रक्रियाः</u>** (१) अनुदानसँग सम्बन्धित प्राविधिक स्पेशिफिकेशन, डिजाईन, लागत अनुमान तयारी, कार्यक्रम सञ्चालन, खरिद, भुक्तानी र प्रतिवेदन गर्ने सम्बन्धी सम्पूर्ण कार्य र प्रक्रिया अस्पतालले गर्नु पर्नेछ।

(२) अस्पताललाई अनुदान निकासा गर्दा दुई किस्ताबन्दीमा कार्य प्रगतिको आधारमा अस्पतालको बैंक खातामा निकासा वा भुक्तानी गरिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम निकासा गर्दा देहाय बमोजिम गर्नुपर्नेछ,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) पहिलो किस्तामा अस्पतालले पुँजीगत कार्य गर्नका लागि शूरु गरेको सूचना प्रकाशन र आपूर्तिकर्तासँगको सम्झौता लगायत विवरणको आधारमा कुल सम्झौता रकमको बढीमा चालीस प्रतिशतसम्म,

(ख) दोश्रो किस्तामा पुँजीगत कार्यको पहिलो किस्ताको भौतिक र वित्तीय कार्य प्रगति प्राप्त गरी कार्य सम्पन्न भएको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा कुल सम्झौता रकमको बाँकी रकम निकासा गर्नु पर्नेछ।

१२. **अनुदान रकमबाट कार्यक्रम कार्यान्वयन र यसका प्रक्रियाः** (१) अस्पतालले अनुदान रकम जुन कार्यक्रम र प्रयोजनको लागि प्राप्त गरेको हो सोही कार्यक्रम र प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(२) अनुदानबाट सञ्चालन हुने कार्यक्रम जुन आर्थिक वर्षको लागि प्रदान गरिएको हो सोही आर्थिक वर्ष भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(३) अनुदानबाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित खरिद, कार्यक्रम सञ्चालन र खर्च सम्बन्धी प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा नियामावली, मापदण्ड र निर्देशिका बमोजिम हुनु पर्नेछ ।

(४) अनुदानबाट सञ्चालन हुने कार्यक्रम र खरिद हुने सामग्री वा औजार वा उपकरण गुणस्तरीय हुनु पर्ने तथा यस प्रक्रियामा पारदर्शिता र मितव्ययितालाई अनुशरण गरेको हुनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१३. **<u>प्रगति प्रतिवेदन पेश गर्नुपर्ने</u>:** (१) अनुदान प्राप्त गर्ने अस्पतालले तोकिएको प्रयोजनका लागि प्रदान गरिएको अनुदान रकमको किस्ता अनुसार प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) कुनै अस्पतालको अनुदान रद्द गरिएमा अनुदान नपाएका आवेदक अस्पतालहरु मध्ये प्राथमिकतामा जो पहिलो छ त्यस अस्पताललाई सो अनुदान रकम समितिको सिफारिसमा प्रदान गर्न सकिनेछ।

१४. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**: (१) मन्त्रालयले अनुदान प्राप्त गरेका अस्पतालहरुको अनुगमन तथा  मूल्याङ्कन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनबाट सन्तोषजनक रुपमा प्रगति हासिल नगरेको वा प्राप्त अनुदान रकम सम्बन्धित प्रयोजन बाहेक अन्यत्र खर्च गरेको पाइएमा मन्त्रालयले निकासा दिन बाँकी अनुदान रकम मध्ये आंशिक वा पुरै रोक्का गर्न वा रद्द गर्न सक्नेछ । यस्तो अवस्थामा मन्त्रालयले अनुदानग्राही अस्पताललाई पहिलो किस्तामा प्रदान गरको अनुदान रकम पनि असुल गर्न सक्नेछ।

१५. **<u>प्रतिवेदन पेश गर्ने</u>:** (१) अनुदानग्राही अस्पतालले अनुदानबाट खरिद गरिएको औजार उपकरण प्रस्तावमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र सो को जाँचपास मान्यता प्राप्त प्राविधिकबाट गराई प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) निर्माण कार्यको जाँचपास, मूल्याङ्कन तथा अनुगमन सम्बन्धित स्थानीय तह वा प्रचलित कानून बमोजिमको मान्यता प्राप्त प्राविधिकबाट गराउनु पर्नेछ।

(३) भौतिक निर्माण कार्यको नियमित अनुगमन प्रयोजनका लागि अनुदानग्राही अस्पतालले आफ्नो श्रोतमा योग्यता प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

प्राविधिकको व्यवस्था गरी सो को विवरण यस मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

१६. **सरकारी बाँकी सरह असुल उपर हुनेः** यस कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान हिनामिना भएमा वा तोकिएको गुणस्तर अनुरुप नभएमा अस्पतालका जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरी कारबाहीका लागि मन्त्रालयले अख्तियार प्राप्त निकायमा लेखी पठाउनेछ र त्यस्तो अस्पताललाई मन्त्रालयले कालो सूचीमा समावेश गर्नेछ।

१७. **सामाजिक परीक्षणः** कार्यक्रम सम्पन्न भए पश्चात अस्पतालले सार्वजनिक परीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

१८. **छानबिन समिति गठन र अनुदान रकम कटौती गर्न सकिनेः-** (१) दफा १४ र दफा १५ बमोजिमको प्रतिवेदनमा कुनै अस्पतालबाट अनुदान रकमको सदुपयोग नभएको व्यहोराको निष्कर्ष उल्लेख भएमा त्यस्ता अस्पतालको सम्बन्धमा आवश्यक कारबाही गर्न मन्त्रालयले तत्काल आवश्यक छानबिन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्न गराउनका लागि मन्त्रालयले देहाय बमोजिम छानबिन समिति गठन गर्नेछः-

(क) महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) लेखा अधिकृत, मन्त्रालय -सदस्य

(ग) कानून अधिकृत, मन्त्रालय -सदस्य-सचिव

(३) छानबिन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) छानबिन समितिका संयोजकले आवश्यक ठानेमा सम्बन्धित व्यक्ति वा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (२) बमोजिम छानबिन समितिले छानबिन गर्नु पर्ने विषयको अध्ययन, बिश्लेषण र प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदनको आधारमा समेत अनुदानको सदुपयोग भएको नपाइएमा मन्त्रालयले अनुदान प्राप्त गरेको अस्पतालका जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून बमोजिमको कारबाही गर्नेछ ।

(७) उपदफा (५) बमोजिम कारबाही गरिने अस्पतालको निकासा गर्न बाँकी अनुदान रकम रोक्का वा कटौती गर्नु पर्नेछ ।

१९. **<u>आर्थिक कारोबारको लेखा र लेखा परीक्षणः</u>** (१) अनुदान प्राप्त गर्ने अस्पतालले अनुदान रकमको आर्थिक कारोबारको लेखा र हिसाब किताबको श्रेस्ता दुरुस्त गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबारको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार हुनेछ।

(३) अनुदान पाउने अस्पतालको आर्थिक कारोबारको लेखा मन्त्रालयले जुनसुकै बखत पनि निरीक्षण गर्न सक्नेछ ।

(४) अनुदान रकम खर्चको लेखा परीक्षण गर्ने गराउने, मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मेवारी अनुदान प्राप्त गर्ने अस्पतालको हुनेछ ।

(५) अस्पतालले यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रकम खर्चको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

२०. **<u>अस्पतालको जिम्मेवारीः</u>** अनुदान प्राप्त गर्ने अस्पतालको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) अनुदानको उचित उपयोग र व्यवस्थापन गर्न ईच्छुक हुनपर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ख) गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको हुनुपर्ने,

(ग) सेवा प्रदान गर्ने भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्ने,

(घ) सेवाग्राहीको सङ्ख्या (सेवाको चाप) पर्याप्त भएको हुनुपर्ने,

(ङ) सेवा प्रदान गर्ने प्राविधिक जनशक्ति पर्याप्त भएको हुनुपर्ने,

(च) स्वच्छ पिउने पानी व्यवस्था भएको हुनु पर्ने,

(छ) अन्य आवश्यक पूर्वाधार व्यवस्था गर्न सक्ने क्षमता भएको हुनु पर्ने।

२१. **<u>अनुदान प्रदान गर्न नसकिनेः</u>** (१) वार्षिक कार्यक्रम विवरण प्रस्तावमा देहायका कार्यक्रम प्रस्ताव भएमा वा मन्त्रालयको जानकारीमा देहायको अवस्था भएमा अङ्क र अनुदान प्रदान गर्न सकिने छैनः-

(क) तलब, भत्ता, परिश्रमिक र प्रशासनिक खर्चका कार्यक्रम,

(ख) चालु खर्च शीर्षक अन्तर्गतका कार्यक्रम प्रस्ताव भएमा,

(ग) दोहोरो अनुदान प्रयोग हुने कार्यक्रम,

(घ) वातावरण संरक्षणमा प्रतिकूल असर पर्ने कार्यक्रम,

(ङ) गत विगत वर्षमा प्रदान गरिएको अनुदानको प्रतिवेदन पेश नभएको,

(च) तालिमका लागि अनुपयोगी र अनुपयुक्त कार्यक्रम र

(छ) अनुदान प्राप्त गरेको आर्थिक वर्ष भित्र कार्यक्रम सम्पन्न नहुने भएमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अस्पतालले अघिल्ला कुनै दुई आर्थिक वर्षमा अनुदान प्राप्त गरी सकेको भएमा त्यस्ता अस्पताललाई अनुदान प्रदान गरिने छैन ।

(३) उपदफा (२) का अतिरिक्त यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान प्राप्त गर्ने अस्पतालले अन्य तहको सरकारबाट यस्तै प्रकृतिको कार्यक्रमबाट सुविधा लिई कार्यक्रमसँग दोहोरोपन हुने अवस्था सृजना भई दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण अनुदान प्रचलित ब्याज सहित असुल गरिनेछ ।

२२. **यसै कार्यविधि बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख गरिएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२३. **आवश्यक व्यवस्था मिलाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा यस कार्यविधिको मर्म विपरित नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची-१

(दफा ३ को उपदफा (१) को खण्ड (ञ) र दफा ५ को उपदफा (२)सँग सम्बन्धित)

बजेट फाराम नं. ६.०४.०१
रायोआ (केअमू) फारम नं. १

## वार्षिक कार्यक्रम

(बजेट तर्जुमासँग सम्बन्धित आर्थिक कार्यविधि नियम २०(१) बमोजिमको फाराम)

१. आर्थिक वर्ष:
२. बजेट उप-शीर्षक:
३. मन्त्रालय: स्वास्थ्य मन्त्रालय
४. विभाग तथा संस्था: स्वास्थ्य मन्त्रालय
५. कार्यक्रम तथा आयोजनाको नाम:
६. ठेगाना: (क) जिल्ला:
(ख) गाउँपालिका/नगरपालिका/वडा नं.:
७. आयोजना सुरु हुने मिति:
८. आयोजना पूरा हुने मिति:
९. आयोजना/कार्यक्रम प्रमुख:

१०. वार्षिक बजेट रु.:
(क) आन्तरिक: (१) नेपाल सरकार:
(२) स्थानीय निकाय/संस्था:
(३) जन सहभागिता:
(ख) वैदेशिक: (१) अनुदान (२) ऋण
(ग) विनियम दर (us$) (घ) दातृसंस्था:

११. आयोजनाको कुल लागत: संशोधन
(क) आन्तरिक: (१) नेपाल सरकार:
(२) स्थानीय निकाय/संस्था:
(३) जन सहभागिता:
(ख) वैदेशिक: (१) अनुदान (२) ऋण

१२. गत आ.व. सम्मको खर्च रु (सोझै भुक्तानी र वस्तु सहित)
(क) आन्तरिक: (१) नेपाल सरकार:
(२) स्थानीय निकाय/संस्था:
(३) जन सहभागिता:
(ख) वैदेशिक: (१) ऋण

रु. ००

| क.स. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | ईकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्य मध्ये गत आ व सम्मको | | | वार्षिक लक्ष्य | | | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | लागत | परिमाण | भार | लागत | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| **अ. पुँजीगत खर्च अन्तरगतका कार्यक्रमहरू** | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | **(क) पुँजीगत खर्च अन्तरगतका कार्यक्रमहरू जम्मा** | | | | | | | | | | | | | | | | | | | | | |
| **आ. चालु खर्च अन्तरगतका कार्यक्रमहरू** | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (ख) चालु खर्च अन्तरगतका कार्यक्रमहरू जम्मा | | | | | | | | | | | | | | | | | | | | | |
| | (ग) कुल कार्यक्रम खर्च (अ+आ) | | | | | | | | | | | | | | | | | | | | | |
| | (घ) उपभोग खर्च | | | | | | | | | | | | | | | | | | | | | |
| | (ङ) कार्यालय सञ्चालन खर्च | | | | | | | | | | | | | | | | | | | | | |
| | कुल जम्मा (ग+घ+ङ) | | | | | | | | | | | | | | | | | | | | | |

**कार्यक्रम तयार गर्नेको**

दस्तखतः

नामः

पदः

मितिः

**कार्यक्रम/आयोजना प्रमुखको**

दस्तखतः

नामः

पदः

मितिः

**प्रमाणित गर्नेको**

दस्तखतः

नामः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

# अनुसूची - २

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## आवेदन फारामको ढाँचा

**१. अस्पतालको परिचय**

नामः

ठेगाना/जिल्लाः

सम्पर्क टेलिफोनः

इमेलः

सम्पर्क व्यक्तिः

**२. अस्पतालको कानूनी हैसियत**

संस्था दर्ताको प्रमाणपत्र–दर्ता नम्बर र मितिः

संस्था दर्ता भएको निकाय र स्थानः

भ्याट नं./प्यान नं.: नवीकरण मितिः

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अर्न्तगतबाट स्वीकृति / सहमति प्राप्त मितिः

समाज कल्याण परिषद्मा आवद्धता वा कार्यक्रम सञ्चालनको सम्झौता भएको भए सोको मितिः

**३. अस्पतालको प्रकृति र वनावट (विधान बमोजिम) र कार्यानुभव**

प्रमुख उद्देश्यहरुः

(क)

(ख)

(ग)

(घ)

(ङ)

प्रकृतिः सामुदायिक ( ) गैरनाफामूलक ( )

**४. अस्पतालको मानवीय, वित्तीय र भौतिक स्थिति**

**(क) मानवीय क्षमताः**

| क्र. स. | जनशक्ति विवरण | संख्या (जना) | योग्यता | अनुभव | पूर्णकालीन/अल्पकालीन |
|---|---|---|---|---|---|
| १. | व्यवस्थापन समिति | | | | |
| २. | प्रसूती वा बालरोग बिशेषज्ञ वा तालिम प्राप्त चिकित्सक | | | | |
| ३. | अन्य चिकित्सकहरु | | | | |
| ४. | क्लिनिकल तालिम सिप प्राप्त नर्स | | | | |
| ५. | अन्य नर्स | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | क्लिनिकल तालिम सिप भएका पारामेडीक्स स्टाफ | | | | |
| ७. | अन्य पारामेडीक्स स्टाफ | | | | |
| ८. | प्रशासनिक र लेखाको कर्मचारी | | | | |
| ९. | सहयोगी कर्मचारी | | | | |
| | जम्मा | | | | |

वित्तीय स्थितिः अघिल्लो आ. व. को लेखा परीक्षणको प्रतिवेदन संलग्न गर्नुपर्ने छ ।

| | | |
|---|---|---|
| अन्य संस्थाबाट पनि निरन्तर अनुदान/सहयोगः | केही प्राप्त भएको/हुने ( ) | प्राप्त नभएको/नहुने ( ) |
| संस्थाको बैक खाताः | छ ( ) | छैन ( ) |
| लेखापरीक्षण प्रतिवेदन | भएको ( ) | नभएको ( ) |

**भौतिक स्थितीः**

**(ख) प्राविधिक र भौतिक क्षमता**

| क्र.स. | विवरण | संख्या | छैन |
|---|---|---|---|
| १. | अस्पतालको आफ्नै भवन | | |
| २. | अस्पतालमा १०-३० जना सम्म अट्ने तालिम हल | | |
| ३. | अस्पतालमा बेड | | |
| ४. | मासिक प्रसूती हुने | | |
| ५. | मासिक प.नि. साधन प्रयोगकर्ता | | |
| ६. | दैनिक विरामीको चाप | | |
| ७. | कम्प्युटर, एल.सी.डी. प्रोजेक्टर | | |
| ८. | अन्य भौतिक सामग्रीः | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| आफ्नै भवन | छ ( ) | छैन ( ) | पर्याप्त छैन ( ) |
| अस्पताल भए (बेड संख्या) | | | |
| मेशिनरी औजार, एम्बुलेन्स र अन्य भौतिक सामग्रीहरुको संख्या | राम्रो ( ) | सन्तोषजनक ( ) | सामान्य ( ) |
| समग्ररुपमा मानवीय, वित्तीय र भौतिक स्थिति | राम्रो ( ) | सन्तोषजनक ( ) | सामान्य ( ) |

**५. अस्पतालबाट स्वास्थ्य सम्बन्धी प्रवाह भएका/प्रवाह हुने सेवा वा कार्यक्रम सम्बन्धी विवरण**

सालबसाली प्रवाह भएका सेवा वा कार्यक्रमहरुः

(क) ..........................................................................................

(ख) ..........................................................................................

प्रस्तावित नयाँ सेवा वा कार्यक्रमहरुः

(क) ..............................................

(ख) ..............................................

| | | | |
|---|---|---|---|
| सेवा /कार्यक्रमले समेट्ने (भौगोलिक क्षेत्र-जिल्लाको संख्या) | हिमाली | पहाडी | उपत्यका/ भित्री मधेश |
| सेवा/कार्यक्रमले सरकारको घोषित नीति कार्यक्रममा सघाउ पुग्ने | सघाउ पुग्ने ( ) | आंशिक सघाउ पुग्ने ( ) | सघाउ नपुग्ने ( ) |
| सेवा शुल्क (उपचारात्मकका लागि) | सबैलाई छुट( ) | लक्षित वर्गलाई छुट( ) | सशुल्क ( ) |
| संस्थाको लाभान्वित सेवाग्राहीहरु | गत आ व को सेवाग्राही संख्या..... | लक्षित सेवाग्राहीहरुको संख्या..... | |

६. **बिगतमा नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगति प्रतिवेदन**

बित्तीय प्रगति : राम्रो ( ) सन्तोषजनक ( ) सामान्य ( )

भौतिक प्रगति : राम्रो ( ) सन्तोषजनक ( ) सामान्य ( )

७. **अनुदान माग रकमः** पुजीँगत खर्चको लागि रु......................................./-

अक्षेरुपीः ......................................................................................... मात्र।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| क.स | कार्यक्रम/क्रियाकलाप नाम | अनुदान माग रकम | अस्पतालले व्यहोर्ने रकम | कूल रकम (ग+घ) |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| १. | सेवा विस्तारका लागि भौतिक पूर्वाधार निर्माण | | | |
| २. | औजार/उपकरण | | | |
| | जम्मा | | | |

नोटः कार्यक्रमको विस्तृत विवरण कार्य योजनामा पेश गर्नुपर्नेछ ।

**संलग्न गर्नु पर्ने कागजातहरुः**

(क) संस्था दर्ता र दर्ता नवीकरण प्रमाणपत्रका प्रतिलिपिहरु।

(ख) भ्याट र प्यान नं. का प्रतिलिपिहरु।

(ग) मन्त्रालय वा मातहतका निकायको स्वीकृति / सहमति सम्बन्धी कागजातको प्रतिलिपि।

(घ) समाज कल्याण परिषद सँगको कार्यक्रम सञ्चालन सम्झौताको प्रतिलिपि।

(ङ) बिगतका कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति विवरणका प्रतिलिपिहरु।

(च) लागत सहभागिताको प्रतिवद्धतापत्र।

(छ) मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको औजार उपकरणको स्पेशिफिकेसन, लागत अनुमान।

(ज) निर्माण हुने भौतिक पूर्वाधारको हकमा मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको लागत अनुमान, ड्रइङ्ग डिजाइन।

(झ) लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र।

(ञ) अघिल्लो आ.व.को करछुटको प्रमाणपत्रको प्रतिलिपि ।

<u>**पेश गर्नेः**</u>

आधिकारीक व्यक्तिको नाम, थरः

दस्तखतः

अस्पतालको नाम र ठेगानाः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

# अनुसूची -३

## (दफा ६ को उपदफा (२) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## <u>मूल्याङ्कन आधारहरुको अङ्कभार</u>

| क्र.स. | विवरण | क्रियाकलाप | पूर्णाङ्क | उपक्रियाकलाप | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | अस्पतालको कार्यक्षेत्र | महिला र बालबालिका | १० | • महिला /बालबालिका /जेष्ठ नागरिक विशिष्टकृत कार्यक्षेत्र हुने<br>• अन्य सामान्य कार्यक्षेत्र (जनरल) | १०<br>८ |
| २. | अस्पतालको अनुभव | चिकित्सा र उपचार | १५ | • ५ वर्ष वा सो भन्दा बढी<br>• ३ वर्ष वा सो भन्दा बढी<br>• १ वर्ष वा सो भन्दा बढी | १५<br>१०<br>५ |
| ३. | मानवीय, वित्तीय र भौतिक स्थिति | संरचना र श्रोत साधन | १० | • सन्तोषजनक<br>• सामान्य<br>• सुधार गर्नु पर्ने | १०<br>७<br>४ |
| ४. | कार्यक्रमले समेट्ने भौगोलिक कार्यक्षेत्र | हिमाली, पहाडी, तराई तथा पिछडिएको क्षेत्र | १५ | • रसुवा, धादिङ, दोलखा, सिन्धुपाल्चोक जिल्लामा स्थापना भई सञ्चालन भएको वा त्यस्तो जिल्लामा कार्यक्षेत्र विस्तार भएको।<br>• नुवाकोट, रामेछाप, सिन्धुली जिल्लामा स्थापना भई सञ्चालन भएको वा त्यस्तो जिल्लामा कार्यक्षेत्र विस्तार भएको।<br>• मकवानपुर, चितवन, काभ्रे, काठमाडौं, भक्तपुर, ललितपुर जिल्लामा स्थापना भई सञ्चालन भएको वा त्यस्तो जिल्लामा कार्यक्षेत्र विस्तार भएको । | १५<br>१०<br>५ |
| ५. | सरकारको घोषित क्षेत्रगत नीति र कार्यक्रम सहयोग | स्वास्थ्य क्षेत्र रणनीति, स्वास्थ्य नीति र रणनीति | १० | • पूर्ण सघाउ पुग्ने<br>• धेरैजसो सघाउ पुग्ने<br>• आंशिक सघाउ पुग्ने | १०<br>७<br>४ |
| ६. | उपचारात्मक सेवा शुल्क | सेवा लगायतका विभिन्न शुल्क | ५ | • पूर्ण निःशुल्क<br>• लक्षित वर्गलाई निःशुल्क | ५<br>२ |
| ७. | Bed Occupancy | विगत एक वर्षमा Bed Occupancy को तथ्याङ्क | २० | • ८०% भन्दा माथि<br>• ६०% देखि ८०% सम्म<br>• ४०% देखि ६०% सम्म<br>• ४०% भन्दा कम | २०<br>१५<br>१०<br>५ |
| ८. | यस अघि लिएको अनुदान | अनुदान लिए, नलिएको | १० | • नलिएको<br>• १ पटक लिएको<br>• २ पटक लिएको | १०<br>६<br>४ |
| ९. | विगतमा लिएको अनुदानको वित्तीय तथा भौतिक प्रगति | वित्तीय र भौतिक प्रगति | ५ | • वित्तीय र भौतिक प्रगति<br>• वित्तीय प्रगति<br>• भौतिक प्रगति | ५<br>४<br>३ |
| जम्मा | | | १०० | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मूल्याङ्कनको विषयमा कुनै टिप्पणी भए सोको व्यहोराः

......................................................................................................................
......................................................................................................................
......................................................................................................................

मूल्याङ्कन समितिका सदस्यहरुको नाम तथा दस्तखत

नामः

नामः

नामः

नामः

नामः

परीक्षण/मूल्याङ्कनगर्दा हेर्नुपर्ने कागजातहरु (सूचकांङ्कहरु)

(क) अनुदान प्राप्त गर्न संस्थाले भरेको फाराम,

(ख) वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन,

(ग) लेखा परीक्षण प्रतिवेदन,

(घ) लागत सहभागिताको प्रतिवद्धतापत्र,

(ङ) मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको औजार उपकरणको स्पेशिफिकेसन, लागत अनुमान,

(च) निर्माण हुने भौतिक पूर्वाधारको हकमा मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको लागत अनुमान,

(छ) ड्रइङ्ग डिजाइन,

(ज) अघिल्लो आ.व.को करछुटको प्रमाणपत्रको प्रतिलिपि ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मन्त्रालय र अस्पताल बीचको सम्झौतापत्रको ढाँचा</u>**

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय (यस पछि “प्रथम पक्ष” भनिने) र श्री ......................................... (यसपछि “दोश्रो पक्ष” भनिने) बिच .................. का लागि .................... अनुदान कार्यक्रम अन्तर्गत दोश्रो पक्षले मिति ........................... मा पेश गरेको कार्यक्रम विवरण प्रस्ताव मिति .............................. को मन्त्रालयको निर्णयानुसार स्वीकृत भए बमोजिम दुबै पक्षको मञ्जुरीमा देहाय बमोजिमको शर्तनामाहरु पालना गर्ने गरी यो संरचनात्मक वा एकाई दर सम्झौता गरी लियौं, दियौं ।

१. निम्न लिखित कागजातहरु यस सम्झौताको व्याख्या गर्नको लागि यस सम्झौताको अभिन्न अंगका रुपमा मानिनेछ।
   (क) अस्पताललाई प्रदान गरिएको प्रस्ताव फाराम
   (ख) सम्झौता गर्न आउन लेखिएको सूचनापत्र
   (ग) वार्षिक कार्यक्रम विवरण फाराम

२. यो सम्झौताको अवधि .................... देखि ......................... सम्म हुनेछ । दोश्रो पक्षले ......................... भित्र स्वीकृत कार्यक्रम सञ्चालन गरी प्रतिवेदन प्रथम पक्षको समक्ष पेश गर्नु पर्नेछ ।

३. स्वीकृत वार्षिक कार्यक्रम विवरण प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षबाट कुल जम्मा रु. ................................................/- (अक्षेरुपी ........................................................................ मात्र) दोश्रो पक्षलाई उपलब्ध हुनेछ ।

४. यस सम्झौता बमोजिमको रकम सम्झौता अवधिमा कार्यक्रम सञ्चालन गरी वा नगरी बाँकी रहन गएको रकम दोश्रो पक्षले प्रगति प्रतिवेदन साथै प्रथम पक्षलाई फिर्ता गर्नु पर्नेछ ।

५. दोश्रो पक्षलाई यस सम्झौता बमोजिमको रकम कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले एकमुष्ठ वा बढीमा दुई किस्ताबन्दीमा उपलब्ध गराउन सक्नेछ र किस्ताबन्दीमा उपलब्ध गराएको खण्डमा पहिलो किस्ता बाहेक पछिल्ला

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

किस्ताहरुको रकम भुक्तानी गर्न दोश्रो पक्षले वित्तीय र भौतिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले स्वीकृत वार्षिक कार्यक्रम विवरण र प्रस्तावको आधारमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र स्वीकृत कार्यक्रम बाहेक अन्यथा कार्यक्रम सञ्चालन र खर्च गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७. दोस्रो पक्षले यस सम्झौता बमोजिमको अनुदान प्राप्त गर्दा अन्य तहको सरकारबाट यस्तै प्रकृतिको सुबिधा लिई यस कार्यक्रमबाट दोहोरो सुबिधा नलिएको प्रतिबद्धता लिनु पर्नेछ ।

८. दोश्रो पक्षले स्वीकृत वार्षिक कार्यक्रम विवरणको विस्तृत शर्तनामा, ड्रइङ्ग डिजाइन, नक्सा, स्पेशीफिकेसन अनुरुप कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र यसरी कार्यक्रम सम्पन्न गरी ........................... भित्र भौतिक तथा आर्थिक प्रतिवेदन पेश नगरेमा प्रथम पक्षले एकतर्फी निर्णय गरी दोश्रो पक्ष तथा प्रथम पक्ष बीच भएको सम्झौता भंग गर्न सक्नेछ । सम्झौता भंग गरिएमा प्रथम पक्षले दोश्रो पक्षबाट नियमानुसार क्षतिपूर्ति लिन, दोश्रो पक्षलाई हर्जाना तिराउन वा जरिवाना गर्न, कालो सूचीमा राख्न, यी मध्ये केही वा सबै कारबाही गर्न र नियमानुसार अन्य कारबाही समेत गर्न सक्नेछ ।

९. स्वीकृत प्रस्ताव बमोजिमको कुनै पनि स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न दोश्रो पक्षले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम सञ्चालन गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

१०. यो सम्झौता कार्यान्वयनमा कुनै विवाद आई परेमा दुवै पक्षको आपसी सहमतिमा समाधान गरिनेछ । अन्यथा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

११. सम्झौता बमोजिम कार्यक्रम सञ्चालन नभएमा दोश्रो पक्षले भुक्तानीको लागि दाबी नगरिने र प्रथम पक्षबाट भुक्तानी समेत हुनेछैन । प्रथम पक्षबाट भुक्तानी भैसकेको किस्ता भएमा दोश्रो पक्षले नियमानुसार फिर्ता गर्नु पर्नेछ ।

१२. यस सम्झौता पत्रमा उल्लेख भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन कानूनसँग नबाझिएको हदसम्म यसै अनुसार हुनेछ र अन्य कुराहरु प्रचलित ऐन नियमहरु, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ र शर्तनामाहरु अनुसार हुनेछन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| द्वितीय पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| ........................................<br>अस्पताल | ..................................................<br>सचिव, स्वास्थ्य मन्त्रालय<br>कार्यालयको छापः |
| <u>रोहवर</u><br>१. .........<br>२. ............. | <u>रोहवर</u><br>१. .........<br>२. ............. |

इति संवत .......... साल ......... महिना......... गते रोज ....... शुभम् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची -५

दफा १० को उपदफा (५) सँग सम्बन्धित)

**<u>कार्ययोजना</u>**

| सि.न. | कार्यक्रम विवरण | महिना | | | | | | | | | | | | जिम्मवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश